


**निम्न संस्थाहरुद्धारा संयुक्त रुपमा प्रकाशित :**
विश्व खाद्य कार्यक्रम– खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली
कृषि बिकास मन्त्रालय, कृषि विभाग, कृषि व्यवसाय प्रवर्धन तथा बजार बिकास निर्देशनालय
नेपाल उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र
उपभोक्ता हित संरक्षण मञ्च

## मुख्य बुँदाहरु

- ***देशभरका १२ बजारहरुमा अनुगमन गरिएका मुख्य खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले मिश्रित प्रवृति देखाए जस अन्तर्गत मौसमी रुपमा आपूर्तिमा कमी आई मुख्य खाद्य बस्तुहरुको मूल्य प्रवृति बढ्दो रहेको देखियो भने मनसुनी वर्षायाम सकिन लागेको हुनाले सडक पहुँचमा बृद्धि हुन गई दालहरु र खानेतेलेहरुको मूल्य घट्दो प्रवृतिमा रहेको देखियो ।***
- ***मनसुनी वर्षाको कारण पहिरोले क्षती पुगेका सडकखण्डहरु मर्मत भए पश्चात धेरै जसो पहाडी तथा हिमाली क्षेत्रमा खाद्य तथा गैह्र-खाद्य बस्तुहरुको आपूर्तिमा सुधार आएको छ ।***

## राष्ट्रिय रुपमा बजारको अवस्था

### मूल्य

२०७० भाद्र महिनामा देशभर अनुगमन गरिएका प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले तीन महिना अगाडीको अवधिको तुलनामा मिश्रित प्रवृति देखाए र गत वर्ष यही समयको तुलनामा बढ्दो प्रवृति देखाए (अपवाद स्वरुप खानेतेल वाहेक) । मासिक रुपमा प्राय खाद्य बस्तुहरुको खुद्रा मूल्यहरुले बढदो प्रवृति देखाए: मोटा चामल र गहुँको पिठोको मूल्य क्रमश: ३.० र २.४ प्रतिशतका दरले बृद्धि भयो; रातो आलु र कुखुराको मासुको मूल्य क्रमश: ७.७ र ८.३ प्रतिशतले तीव्र बृद्धि भयो । यद्यपि, मास र मुसुरोको मासिक मूल्य क्रमश: ३.४ र १.२ का दरले घट्यो । यसैगरी, भटमासको तेलको मूल्य १.५ प्रतिशतले घट्यो । यो मुख्यत पहाडी तथा हिमाली बजारहरुमा यातायात सेवाहरु आंशिक रुपमा सुचारु भएको हुनाले भएको हो ।

क्षेत्रीय बजारहरुमा प्राय खाद्यान्न मूल्यहरुले राष्ट्रिय औसत मूल्य संग मिल्दोजुल्दो प्रवृति देखाए जस अन्तर्गत पहाडी तथा हिमाली बजारहरुमा मोटा चामल र गहुँको पिठोको मूल्य बृद्धि भयो भने काठमाडौं र पोखराका मुख्य उपभोक्ता बजारहरुमा यी खाद्य बस्तुहरुको मूल्य स्थिर रहयो । गत एक महिनामा मुसुरोको मूल्यले घट्दो प्रवृति देखायो ।

उद्योग वाणिज्य महासंघ/कृषि उद्यम केन्द्र द्वारा बिर्तामोड, काठमाडौं, बुटवल, सुर्खेत र धनगढीका पाँच ठूला बजारहरुमा अनुगमन गरिएका थोक मूल्यहरु गत एक महिनामा न्यूनरुपमा बृद्धि भयो । कालीमाटी फलफूल तथा तरकारी बजारमा ताजा तरकारीको थोक मूल्यहरुले मौसमी रुपमा हुने उच्च उतारचढाव देखाए; जस्तै स्कुस, काउली, गोलभेडा र बोडीको उत्पादनमा बृद्धि भएको हुनाले यी तरकारीहरुको मूल्य घट्यो भने सुकेको प्याज, रामतोरीया, घिरौंला, गाँजर र फर्सी जस्ता तरकारीहरुको उत्पादन रिक्त हुने समय सुरु भएको हुनाले यी बस्तुहरुको मूल्य बृद्धि भयो ।

नेपाल राष्ट्र बैंकका अनुसार, २०७० साउनमा समग्र उपभोक्ता मूल्य सूचकाङ्क (CPI) मासिक रुपमा ०.५ प्रतिशतले बृद्धि भई १९४.४ भयो । वार्षिक रुपमा CPI को स्फीतिदर ८.० प्रतिशत भएको पाइयो । खाद्य तथा पेय पदार्थको CPI मासिक रुपमा ०.९ प्रतिशत र वार्षिक रुपमा ९.४ प्रतिशतका दरले बृद्धि भई २३४.५ भयो; अन्य खाद्य बस्तहरुको CPI ले पनि वार्षिक रुपमा बढ्दो प्रवृति देखाए; तरकारी (१८.६ प्रतिशत), मासु र माछा (१७ प्रतिशत), अन्नहरु (१०.४ प्रतिशत), र मरमसलाहरु (९.३० प्रतिशत) । अखाद्य बस्तहरु र सेवा सम्बन्धि CPI मासिक रुपमा ०.३ प्रतिशतले र वार्षिक रुपमा ६.८ प्रतिशतले बृद्धि भई १६५.२ प्रतिशत भयो ।

### आपूर्ति

मनसुनी वर्षायाम सकिएको हुनाले पहाडी तथा हिमाली जिल्लाहरुमा आपूर्ति अवस्थामा सुधार आउन थालेको छ । जसको फलस्वरुप, व्यावसायीहरुले असोजमा सुरु हुने चाडपर्वहरुलाई मध्यनजर गर्दै दैनिक उपभोगका खाद्यान्न तथा अन्य आवश्यक मुख्य बस्तुहरुको संचिती बढाउन थालेका छन् । यद्यपि, कोशी नदीमा फेरी (Ferry) सेवा अवरुद्ध हुनाले पूर्वी क्षेत्रका मुख्यत खोटाङ, ओखलढुङ्गा, भोजपुर र संखुवासभामा खाद्यान्न आपूर्तिमा वाधा पुगेको छ । यो अवस्थालाई निकटबाट अनुगमन गर्न जरुरी छ ।

### पूर्वानुमान

आश्विन महिनाबाट भित्र्याइने वर्षे बालीहरुको मूल्य स्थिर रहने वा घट्ने अनुमान छ । चाडपर्वको अवसरमा मासु र तेल जस्ता खाद्य तथा गैह्र-खाद्य बस्तुहरुको मूल्य बृद्धि हुने सम्भावना छ ।

देशभर हालै भएको वर्षाले विशेष गरी तराइमा धानको उत्पादन बृद्धि गर्न मद्दत पुग्नेछ । मकै र धान जस्ता वर्षे बाली भित्र्याउन सुरु हुने हुनाले विशेषत पहाडी क्षेत्रमा घरधुरीहरुको खाद्य संचिती बढ्नेछ ।

**मुख्य वस्तुहरुको मूल्यमा भएको अत्यधिक परिवर्तन**

| वस्तुहरु | मूल्य ने रु/केजि, लि | १ महिनाको परिवर्तन (%) | अवलोकन |
|---|---|---|---|
| सुकेको प्याज, रामतोरीया, घिरौंला, र फर्सी | विभिन्न | > २० | मौसमी रुपमा उत्पादन रिक्त हुने समय सुरु भएको हुनाले आपूर्तिमा कमि । |
| स्कुस, गोलभेडा, काउली र बोडी | विभिन्न | >-१० | बाली भित्र्याउने समय भएको हुनाले आपूर्तिमा बृद्धि । |

**१२ महिनाको औसत मूल्य ***




**मूल्य परिवर्तन प्रतिशतमा ** (१ महिना र १ वर्ष)**




नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना **http://www.sites.google.com/site/nefoodsec** मा हेर्न सकिनेछ ।

† मूल्यहरु २०७० भाद्र महिनाको मूल्य सँग सम्बन्धित छन् ।
* मूल्यहरु यस प्रतिवेदनको पछाडी पट्टी दिईएको बजारहरुबाट लिइएको हो । तर *सडक नपुगेका हिमाली तथा पहाडी बजारहरु* यसमा समावेश छैनन् ।
** मूल्य परिवर्तन यस प्रतिवेदनमा भएका सम्पूर्ण बजारहरुसंग सम्बन्धित छन् ।

# बजार अवलोकन-५७

## मुख्य खाद्य वस्तुहरुको खुद्रा मूल्य- भाद्र, २०७०

| बजार | मुख्य खाद्य वस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) १ महिना | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १ वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| **मूख्य उपभोक्ता बजार** | | | | | | | | |
| काठमाडौं | मोटा चामल | ३८.० | ०.० | -२.६ | -७.३ | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | २१.२ | १७.६ | ▶ | ▲ | ▲ |
| | भटमासको तेल | १४५.० | १.४ | ९.० | १.४ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ४२.९ | ०.० | ७.१ | ▲ | ▶ | ▶ |
| | तोरीको तेल | १६५.० | -५.७ | -२.९ | -१४.५ | ▼ | ▶ | ▶ |
| | मास | ११३.० | ०.० | -०.९ | ७.६ | ▶ | ▶ | ▶ |
| | मुसुरो | १०३.० | ०.० | -६.४ | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३७.० | ०.० | २७.६ | -७.५ | ▶ | ▲ | ▶ |
| पोखरा | मोटा चामल | ४५.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | ४४.० | ०.० | १०.० | २५.७ | ▶ | ▶ | ▲ |
| | भटमासको तेल | १४५.० | ०.० | -३.३ | -९.४ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | -९.७ | -३.४ | -१५.२ | ▼ | ▶ | ▼ |
| | तोरीको तेल | १८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२५.० | ०.० | -२.३ | ४.२ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | -४.३ | ४.८ | ४.८ | ▶ | ▶ | ▶ |
| | आलु | २३.० | -३४.३ | -२३.३ | -४८.९ | ▼ | ▼ | ▼ |
| **क्षेत्रीय तराई बजार** | | | | | | | | |
| विराटनगर | मोटा चामल | ३८.० | २२.६ | ११.८ | ९.६ | ▲ | ▲ | ▶ |
| | गहुँको पिठो | ४०.० | ८.१ | १४.३ | ३३.३ | ▲ | ▲ | ▲ |
| | भटमासको तेल | १३५.० | -१२.९ | -१४.६ | -१०.० | ▼ | ▼ | ▶ |
| | कुखुराको मासु | २३०.० | ०.० | -२३.३ | -११.५ | ▶ | ▼ | ▶ |
| | तोरीको तेल | १३५.० | २८.९ | -२८.९ | -१८.२ | ▼ | ▼ | ▼ |
| | मास | १००.० | -१३.० | -१३.० | ११.१ | ▼ | ▼ | ▶ |
| | मुसुरो | ११३.० | -५.८ | -१.७ | १३.० | ▼ | ▶ | ▶ |
| | आलु | ३०.० | -६.३ | -१४.३ | -२.२ | ▼ | ▼ | ▶ |
| विरगंज | मोटा चामल | ३८.० | ५.६ | ८.६ | ८.६ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ३४.० | -१५.० | ६.३ | १३.३ | ▼ | ▶ | ▶ |
| | भटमासको तेल | १५०.० | -३.२ | -६.३ | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १६०.० | -३३.३ | -४६.७ | -३८.५ | ▼ | ▼ | ▼ |
| | तोरीको तेल | १८०.० | ०.० | -१.१ | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १००.० | -२.० | ०.० | २.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | -४.३ | १७.० | ▶ | ▶ | ▲ |
| | आलु | २३.० | -११.५ | १५.० | -२३.३ | ▼ | ▲ | ▼ |
| नेपालगंज | मोटा चामल | ३५.० | -२.८ | -५.४ | १६.७ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३३.७ | -३.७ | -३.७ | ५.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ३.७ | ३.७ | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | - | - | - | - | - | - | - |
| | तोरीको तेल | २००.० | ०.० | ०.० | ११.१ | ▶ | ▶ | ▶ |
| | मास | १२२.० | १.७ | -२.४ | ३५.६ | ▶ | ▶ | ▲ |
| | मुसुरो | १०६.० | १.० | १.० | १७.८ | ▶ | ▶ | ▲ |
| | आलु | ३७.७ | ५०.८ | ८८.५ | २५.७ | ▲ | ▲ | ▲ |
| धनगढी | मोटा चामल | ३९.० | ०.० | -२.५ | २५.८ | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ३४.० | ०.० | ३.० | ६.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १४०.० | ०.० | ६.१ | १४.८ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००.० | ०.० | ०.० | १४.५ | ▶ | ▶ | ▶ |
| | तोरीको तेल | १६४.० | ०.० | -३.५ | ३.८ | ▶ | ▶ | ▶ |
| | मास | १२३.० | ०.८ | -८.२ | -८.२ | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | -०.९ | ▶ | ▶ | ▶ |
| | आलु | ३८.० | ०.० | -२.६ | -५.० | ▶ | ▶ | ▶ |

▲ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य बढेको

▶ सामान्य मूल्य परिवर्तन

▼ सामान्य मूल्य परिवर्तन भन्दा मूल्य घटेका

यदि मूल्य परिवर्तन १ महिनामा ५ % सम्म, ३ महिनामा १० % सम्म अथवा १ वर्षमा १५ % सम्म भएमा त्यसलाई सामान्य मानिने छ ।

* यो नेपाल खाद्य संस्थान द्वारा वितरीत चामल हो किनभने त्यहाँ अन्य खाद्य सँचिती उपलब्ध छैन ।

| बजार | मुख्य खाद्य वस्तुहरु | हालको मूल्य (नेरु/के जि नेरु/लि) | मूल्यमा परिवर्तन (%) १ महिना१ ६.७ | ३ महिना | १ वर्ष | औसत परिवर्तन १म | ३ म | १वर्ष |
|---|---|---|---|---|---|---|---|---|
| भैरहवा | मोटा चामल | ३७.० | ५.७ | ५.७ | २३.३ | ▲ | ▶ | ▲ |
| | गहुँको पिठो | ३३.० | -६.७ | -५.७ | २२.२ | ▼ | ▶ | ▲ |
| | भटमासको तेल | १४०.० | ७.७ | ०.० | -६.७ | ▲ | ▶ | ▶ |
| | कुखुराको मासु | २८०.० | १२.० | ७.७ | १६.७ | ▲ | ▶ | ▲ |
| | तोरीको तेल | १९०.० | १८.८ | २६.७ | ५.६ | ▲ | ▲ | ▶ |
| | मास | १००̇० | -१३.० | -२०.० | ८.७ | ▼ | ▼ | ▶ |
| | मुसुरो | १००.० | ०.० | ०.० | -४.८ | ▶ | ▶ | ▶ |
| | आ | १९.० | -२४.० | -२४.० | -३२.१ | ▼ | ▼ | ▼ |
| **सडक पहुँच भएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| धनकुटा | मोटा चामल | ४०.० | ५.३ | ११.१ | २१.२ | ▲ | ▲ | ▲ |
| | गहुँको पिठो | ४६.० | ३९.४ | ३१.४ | ३१.४ | ▲ | ▲ | ▲ |
| | भटमासको तेल | १५०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३००̇.० | २५.० | ७.१ | ७.१ | ▲ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | ११०.० | ०.० | ०.० | -४.३ | ▶ | ▶ | ▶ |
| | आलु | ४५.० | ५०.० | ५०.० | १२.५ | ▶ | ▶ | ▶ |
| रोल्पा | मोटा चामल | ३४.० | ०.० | -३२.० | ०.० | ▶ | ▼ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६०.० | ३.२ | ३.२ | ६.७ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ३३०.० | ३.१ | १०.० | १७.९ | ▶ | ▶ | ▲ |
| | मास | ११०.० | ४.८ | -४.३ | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ९.१ | ▶ | ▶ | ▶ |
| | आलु | ४५.० | १२.५ | -१०.० | १२.५ | ▲ | ▶ | ▶ |
| सांफेबगर | मोटा चामल | ३८.० | ५.६ | ५.६ | ८.६ | ▲ | ▶ | ▶ |
| | गहुँको पिठो | ४०.० | ०.० | ०.० | १४.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | ३५०.० | ०.० | ०.० | ९.४ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | १८०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मास | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ९.१ | ▶ | ▶ | ▶ |
| | आलु | ५५.० | २२.२ | १०.० | १०.० | ▲ | ▶ | ▶ |
| जुम्ला | मोटा चामल | ६०.० | ०.० | ०.० | २०.० | ▶ | ▶ | ▲ |
| | गहुँको पिठो | ६०.० | ०.० | ०.० | -१४.३ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | १६०.० | ०.० | ०.० | -११.१ | ▶ | ▶ | ▶ |
| | कुखुराको मासु | ४००.० | १४.३ | २५.० | - | ▲ | ▲ | - |
| | मास | १३५.० | -१०.० | ३.८ | ३५.० | ▼ | ▶ | ▲ |
| | मुसुरो | १४५.० | -३.३ | ३.६ | ४५.० | ▶ | ▶ | ▲ |
| | आलु | ३०.० | ०.० | ०.० | -१४.३ | ▶ | ▶ | ▶ |
| बाजुरा | मोटा चामल | ४५.० | ०.० | १२.५ | ०.० | ▶ | ▲ | ▶ |
| | गहुँको पिठो | ५५.० | १०.० | ३४.१ | १०.० | ▲ | ▲ | ▶ |
| | सीमी | १२०.० | ०.० | ०.० | - | ▶ | ▶ | - |
| | मास | १२०.० | -११.१ | ०.० | ०.० | ▼ | ▶ | ▶ |
| | मुसुरो | १२०.० | ०.० | ०.० | ०.० | ▶ | ▶ | ▶ |
| | आलु | ३५.० | ४०.० | १६.७ | -३०.० | ▲ | ▲ | ▼ |
| **सडक पहुँच नभएका हिमाली तथा पहाडी बजारहरु** | | | | | | | | |
| हुम्ला | मोटा चामल* | ४२.० | ०.० | ०.० | ५.० | ▶ | ▶ | ▶ |
| | गहुँको पिठो | २००.० | ०.० | ०.० | -९.१ | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | ३००.० | ०.० | ०.० | ७.१ | ▶ | ▶ | ▶ |
| | सीमी | १२०.० | -७.७ | -६०.० | २०.० | ▼ | ▼ | ▲ |
| | मास | ०.० | - | - | - | - | ▼ | - |
| | मुसुरो | - | - | - | - | - | - | - |
| | आलु | ७०.० | -१२.५ | १६.७ | ५५.६ | ▼ | ▲ | ▲ |
| डोल्पा | मोटा चामल | १४०.० | ०.० | १६.७ | २७.३ | ▶ | ▲ | ▲ |
| | गहुँको पिठो | १३०.० | ०.० | ८.३ | ०.० | ▶ | ▶ | ▶ |
| | भटमासको तेल | २४०.० | ०.० | ४.३ | ०.० | ▶ | ▶ | ▶ |
| | सीमी | - | - | - | - | - | - | - |
| | मास | २५०.० | ०.० | ८.७ | १९.० | ▶ | ▶ | ▲ |
| | मुसुरो | २५०.० | ०.० | ०.० | १९.० | ▶ | ▶ | ▲ |
| | आलु | ३०.० | ०.० | - | -२५.० | ▶ | - | ▼ |

नेपालको खाद्य सुरक्षा सम्बन्धि ताजा जानकारीकालागि खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली (NeKSAP) को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिनेछ ।

यो **बजार अवलोकन** विश्व खाद्य कार्यक्रम, नेपालले कृषि व्यवसाय प्रवर्धन तथा बजार विकास निर्देशनालय, नेपाल उद्योग वाणिज्य महासंघ तथा उपभोक्ता हित संरक्षण मञ्चको संयुक्त सहकार्यमा नेपाल खाद्य सुरक्षा अनुगमन प्रणाली NeKSAP को एक पाटोका रुपमा तयार पारेएको हो । नेपाल खाद्य सुरक्षा अनुगमन तथा विश्लेषण प्रणाली द्वारा प्रकाशीत सम्पूर्ण सामाग्रीहरु NeKSAP को विद्युतिय ठेगाना http://www.sites.google.com/site/nefoodsec मा हेर्न सकिने छ । थप जानकारीका लागि पो. ब. १०७, टेलिफोन : ५२६०६०७ एक्सटेन्सन् नं.: २४२०–५ मा सम्पर्क राख्न सकिनेछ ।

यो परियोजना यूरोपीयन यूनियनको सहयोगमा सञ्चालित छ ।
यस बुलेटिनमा प्रकासित विचारहरुले यूरोपीयन यूनियनको विचारहरुलाई प्रतिविम्बित गर्दछ भन्ने कूनै जरुरी छैन ।